# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, भदौ १० गते, २०७७ साल (सङ्ख्या ९

## भाग २

प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०७७**

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिमको आदेश स्वीकृत गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७ को दफा २ मा संशोधनः** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ (यसपछि "आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) मा रहेको "उपाध्यक्ष" भन्ने शब्द पछि "र सदस्य-सचिव" भन्ने शब्दहरु थप गरिएका छन्।

(२) खण्ड (च) झिकिएको छ।

३. **आदेशको दफा ३ मा संशोधनः** आदेशको दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) आयोगको सचिव -सदस्य-सचिव"

(२) उपदफा (५) झिकिएको छ।

४. **आदेशको दफा ४ मा संशोधनः** आदेशको दफा ४ को उपदफा (२) र उपदफा (६) मा रहेका "प्रशासकीय प्रमुख" भन्ने शब्दहरुको सट्टा "सदस्य-सचिव" भन्ने शब्दहरु राखिएका छन्।

५. **आदेशको दफा ७ मा संशोधनः** आदेशको दफा ७ को,-

(१) उपदफा (२) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः-

"(ज) आयोगको सचिव -सदस्य-सचिव"

(२) उपदफा (३) मा रहेको "आयोगको प्रशासकीय प्रमुख" भन्ने शब्दहरुको सट्टा "आयोगको सचिव" भन्ने शब्दहरु राखिएका छन्।

६. **<u>आदेशको दफा ८ मा संशोधन</u>**: आदेशको दफा ८ को उपदफा (१) र उपदफा (४) मा रहेको "प्रशासकीय प्रमुख" भन्ने शब्दहरुको सट्टा "सदस्य-सचिव" भन्ने शब्दहरु राखिएका छन्।

७. **<u>आदेशमा दफा १३क. थप</u>**: आदेशको दफा १३ पछि देहायको दफा १३क. थप गरिएको छ,-

"**१३क. <u>कार्यवाहक उपाध्यक्षः</u>** उपाध्यक्षको पद कुनै कारणले रिक्त भएमा उपाध्यक्षको नियुक्ति नहुँदासम्मका लागि आयोगमा कार्यरत वरिष्ठतम सदस्यले कार्यवाहक उपाध्यक्षको रुपमा कार्य गर्नेछ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनका लागि "वरिष्ठतम सदस्य" कायम गर्दा नियुक्ति मितिलाई आधार मानिनेछ।यसरी नियुक्ति मितिलाई आधार मान्दा एउटै मिति भए नियुक्तिको क्रम सङ्ख्यालाई मान्नु पर्नेछ।"

८. **<u>आदेशको दफा १९ मा संशोधन</u>**: आदेशको दफा १९ को,-

(१) उपदफा (१) मा रहेको "निजामती सेवाको अधिकृतस्तर नवौं/दशौं तहको अधिकृत" भन्ने शब्दहरुको सट्टा "प्रशासन सेवाको अधिकृतस्तर एघारौं तह वा सो सरहको कर्मचारी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१) पछि देहायको उपदफा (१क.) थप गरिएको छः-

"(१क.) उपदफा (१) बमोजिमको कर्मचारी उपलब्ध नभएको अवस्थामा आर्थिक मामिला तथा योजना

मन्त्रालयको सचिवले आयोगको सचिवको रुपमा काम गर्नेछ।"

९. **<u>आदेशको दफा २२ मा संशोधन</u>**: आदेशको दफा २२ मा रहेको "प्रशासकीय प्रमुख" भन्ने शब्दहरुको सट्टा "सदस्य-सचिव" भन्ने शब्दहरु राखिएको छ।

**आज्ञाले,**

**डा. हरि लम्साल**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु.५।-